# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, फागुन २१ गते, २०७९ साल (अतिरिक्ताङ्क ३७

## भाग २

### गण्डकी प्रदेश सरकार

### <u>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सूचना</u>

### <u>गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली, २०७९</u>

गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

#### परिच्छेद-१

#### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यी नियमहरुको नाम "गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली,२०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले प्रज्ञा प्रतिष्ठानमा खटिएका कर्मचारी सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको प्रज्ञा प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले प्रज्ञा सभाका प्राज्ञ सदस्य सम्झनु पर्छ ।

(ङ) "सदस्य सचिव" भन्नाले ऐनको दफा ७ को उपदफा (३) बमोजिम तोकिएको सदस्य सचिव सम्झनु पर्छ।

## परिच्छेद-२

## काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था

३. **प्राज्ञ सभाको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सिर्जना, कृति, श्रव्य, श्रव्य दृष्य आदिको आधिकारिकता तथा प्रतिलिपि अधिकार र त्यसको संरक्षण सम्बन्धी मापदण्ड, निर्देशिका स्वीकृत गर्ने ।

(ख) भाषा प्रशिक्षण केन्द्र, साहित्यिक संघ संस्था, साँस्कृतिक संघ संस्था, ललितकला सम्बन्धी संघ संस्था, नाट्य संघ संस्था, सङ्गीत सम्बन्धी संघ संस्था आदिको मापदण्ड स्वीकृत गर्ने ।

४. **प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकारः** ऐनको दफा १२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रज्ञा प्रतिष्ठानको भौतिक सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानका सदस्य, कर्मचारी आदिको आचार संहिता तयार गरी सभामा पेश गर्ने,

(ग) सिर्जना, कृति, श्रव्य, श्रव्य दृष्य आदिको आधिकारिता तथा प्रतिलिपि अधिकार र त्यसको

संरक्षण सम्बन्धी मापदण्ड, निर्देशिका कार्यान्वयन गर्ने,

(घ) प्राज्ञ परिषद्का सदस्यहरूलाई विभागहरूको जिम्मेवारी तोक्ने, कार्यविभाजन गर्ने तथा हेरफेर गर्ने,

(ङ) भाषा प्रशिक्षण केन्द्र, साहित्यिक संघ संस्था, साँस्कृतिक संघ संस्था, ललितकला सम्बन्धी संघ संस्था, नाट्य संघ संस्था, सङ्गीत सम्बन्धी संघ संस्था, रेकर्डिङ स्टुडियो अभिलेख राख्ने तथा सहजीकरण गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी प्राज्ञ सभामा पेस गर्ने ।

५. **कुलपतिको काम कर्तव्य र अधिकारः** (१) ऐनको दफा १७ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रज्ञा प्रतिष्ठानको प्रमुख प्राज्ञिक पदाधिकारीको रुपमा कार्य गर्ने,

(ख) प्रज्ञा प्रतिष्ठानको उद्देश्य अनुरूप आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने, गराउने,

(ग) प्रज्ञा प्रतिष्ठानको अर्ध वार्षिक प्रतिवेदन तयार गरी प्रज्ञा सभाका सदस्यहरूलाई जानकारी गराउने,

(घ) प्रज्ञा परिषद्का सदस्यहरूले गरेका कार्यहरूको उपकुलपति मार्फत अर्धवार्षिक रूपमा प्रतिवेदन लिने, त्यसको मूल्याङ्कन गर्ने,

(ङ) वार्षिक प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री समक्ष पेश गर्ने ।

(२) कुलपतिले ऐन तथा यस नियमावलीद्वारा प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार आफ्नो मातहतको समिति, निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ख) स्वीकृत नीति, योजना, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्ने,

(ग) प्राज्ञ सभा र प्राज्ञ परिषद्को बैठकको निर्णय प्रमाणित गरी अभिलेख राख्ने,

(घ) प्राज्ञ सभा र प्राज्ञ परिषद्को बैठकको निर्णय कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको अर्धवार्षिक, वार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गरी प्राज्ञ परिषद् समक्ष पेश गर्ने,

(च) कुलपतिको अधिनमा रही प्रज्ञा प्रतिष्ठानको कार्यालय तथा कर्मचारीको परिचालन तथा नियन्त्रण गर्ने

(छ) प्रज्ञा प्रतिष्ठान सम्बन्धी विभिन्न संघ संस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ज) प्रज्ञा प्रतिष्ठानको सम्पतिको व्यवस्था, संरक्षण, मर्मत, सञ्चालन तथा हेरचाह गर्ने तथा प्रज्ञा प्रतिष्ठानको सम्पुर्ण जिन्सी लगत राख्न लगाउने,

(झ) प्राज्ञ सभा, प्राज्ञ परिषद्, कुलपति र उपकुलपतिबाट निर्देशित अन्य कार्य गर्ने।

## परिच्छेद ४

## पदाधिकारीको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था

७. **कुलपतिको पारिश्रमिक र सुविधाः** (१) कुलपतिको मासिक पारिश्रमिक प्रदेश सरकारको एघारौं तहको कर्मचारी सरह हुनेछ ।

(२) कुलपतिले मासिक ७५ लिटर इन्धन तथा चालक सहित गाडी सुविधा पाउनेछ ।

(३) स्वदेश वा विदेशमा भ्रमण गर्नुपर्दा वार्षिक बजेटको सीमा भित्र रहेर प्रदेश निजामती सेवाको प्रथम तहको कर्मचारी सरह भ्रमण भत्ता पाउन सक्नेछ ।

८. **उपकुलपतिको पारिश्रमिक र सुविधाः** (१) उपकुलपतिको मासिक पारिश्रमिक प्रदेश सरकारको नवौं तहको कर्मचारी सरह हुनेछ ।

(२) उपकुलपतिले स्वदेश वा विदेशमा भ्रमण गर्नुपर्दा वार्षिक बजेटको सीमा भित्र रहेर प्रदेश निजामती सेवाको प्रथम तहको कर्मचारी सरह भ्रमण भत्ता पाउन सक्नेछ ।

९. **सदस्य सचिवको पारिश्रमिक र सुविधाः** (१) सदस्य-सचिवको मासिक पारिश्रमिक प्रदेश सरकारको आठौं तहको कर्मचारी सरह हुनेछ ।

(२) स्वदेश वा विदेशमा भ्रमण गर्नुपर्दा वार्षिक बजेटको सीमा भित्र रहेर प्रदेश निजामती सेवाको द्वितीय तहको कर्मचारी सरह भ्रमण भत्ता पाउन सक्नेछ ।

१०. **विदा सम्बन्धी व्यवस्थाः** प्रतिष्ठानका कुलपति, उपकुलपति र सदस्य सचिवले घर बिदा वाहेक प्रदेश निजामती कर्मचारीले सरह विदा सुविधा पाउनेछन् । तर, कुनै पनि प्रकारको विदा सञ्चित गरी सो वापत रकम सुविधा पाइनेछैन ।

११. **अनुमति लिनु पर्नेः** प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूले प्रदेश वाहिर भ्रमण गर्दा मन्त्रालयको र जुनसुकै प्रकारले देश बाहिर भ्रमण गर्दा प्रदेश सरकारको सहमति लिनुपर्नेछ ।

१२. **अन्य सुविधाः** (१) प्रदेश सरकारले प्रज्ञा प्रतिष्ठानका पदाधिकारी र सदस्यलाई यस परिच्छेदमा उल्लेखित सेवा सुविधाका अतिरिक्त अन्य कुनै सुविधा दिनुपरेमा आवश्यकता अनुसार मन्त्रिपरिषद्बाट निर्णय गरी दिनसक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विभागका संयोजकलाई प्रज्ञा प्रतिष्ठानमा नियमित कामको लागि हाजिर भएका दिनको प्रदेश सरकारको मापदण्ड बमोजिम यातायात तथा खाजा खर्च वापतको रकम मासिक रूपमा एकमुष्ट भुक्तानी दिइनेछ।

(३) उपदफा (२) मा उल्लिखित यातायात खर्च विभागका संयोजकको हालैको बसोबासको स्थानबाट प्रज्ञा प्रतिष्ठानसम्म आउँदा जाँदाको सार्वजनिक यातायातको भाडा बराबरको रकम हुनेछ।यस्तो दुरी पचास किलोमिटर भन्दा बढि हुन सक्ने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास काम तथा कार्यक्रम विशेषमा प्रज्ञा प्रतिष्ठानमा उपस्थित हुँदा निजको आवास देखि प्रतिष्ठानसम्मको सार्वजनिक यातायातको भाडा बराबरको यातायात खर्च दिन बाधा पर्ने छैन ।यस्तो सुविधा लिएको दिनको लागि उपदफा (२) बमोजिमको सुविधा वापतको रकम पाउने छैन ।

१३. **प्रज्ञा प्रतिष्ठानको खाता सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) प्रज्ञा प्रतिष्ठानको सम्पूर्ण रकम नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(२) प्रज्ञा प्रतिष्ठानको खाता सदस्य सचिव वा निजले तोकेको परिषद्को सदस्य र प्रतिष्ठानको लेखा हेर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । ।

१४. **मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता प्रदान गर्ने आधार:** देहायबमोजिम योग्यता मध्ये कुनै एक योग्यता पुरा गरेका व्यक्तिलाई प्रज्ञा प्रतिष्ठानले मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता प्रदान गर्न सक्नेछः-

(क) सम्बन्धित विषयमा विद्वता तथा ख्याती प्राप्त गरेको,

(ख) प्रज्ञा प्रतिष्ठानको कुलपति भई कार्य गरेको,

(ग) गण्डकी प्रदेशको प्रतिनिधित्व गरी नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला, सङ्गित तथा नाट्य प्रतिष्ठानमा निपूर्णताका साथ एक कार्यकाल पुरा गरेको,

(घ) नेपाल सरकारद्वारा विभुषित भएका व्यक्ति ।

## परिच्छेद-५

## सङ्गठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्था

१५. **सङ्गठन संरचना:** (१) प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचनाको लागि मन्त्रालयले संगठन तथा व्यवस्थापन
सर्वेक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वेक्षण मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

१६. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) प्रज्ञा प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था ऐनको दफा २४ बमोजिम हुनेछ ।

(२) प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्त वा प्रदेश सरकारले खटाएका कर्मचारीको सेवा, सर्त र सुविधा सम्बन्धित सेवा समूहको लागि जारी भएको कानुन बमोजिम हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानमा खटिएका कर्मचारी प्रज्ञा प्रतिष्ठान प्रति उत्तरदायी हुनुपर्नेछ ।

१७. **सिफारिस तथा माग गर्न सक्ने:** (१) प्रज्ञा प्रतिष्ठानले आफ्नो लागि उपयुक्त सङ्गठन संरचना मन्त्रालयमार्फत प्रदेश सरकार समक्ष सिफारिस गर्नसक्नेछ ।

(२) प्रज्ञा प्रतिष्ठाले स्वीकृत संगठन संरचना बमोजिमका कर्मचारी रिक्त भएको अवस्थामा मन्त्रालय मार्फत माग गर्नुपर्नेछ ।

## परिच्छेद-६

## विविध

१८. **पदाधिकारी र सदस्यको बैठक भत्ता:** प्राज्ञ सभाका सदस्य, प्राज्ञ परिषद्का सदस्य र प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले प्रचलित नियमानुसार बैठक भत्ता र यातायात सुविधा पाउनेछन्।

१९. **मापदण्ड बनाउन सक्ने** : (१) प्रतिष्ठानले ऐन तथा यस नियमावलीले व्यवस्था गरेको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको परिषद्ले बनाएको मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

आज्ञाले,
हेमराज सुवेदी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार,आन्तरिक मामिला तथा कानून मन्त्रालय।मूल्य रु.१०।-